# छत्रदेव जनस्वास्थ्य गतिविधी

**छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाद्वारा २०८२ श्रावण महिनामा सञ्चालित गतिविधिहरुको सङ्गालो**

वर्षः २ | अंकः १३ | महिनाः भाद्र

## यस सामग्रीमा समावेश भएका विषयवस्तुहरुः

*१. २०८२ श्रावण महिनामा सञ्चालित क्रियाकलापको विवरण*

*२. स्तनपान सप्ताह सम्बन्धी ,*

*३. श्रावण महिनामा सञ्चालित सेवा तथा कार्यक्रमको प्रगति सम्बन्धी ।*

## २०८२ श्रावण महिनामा छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा द्वारा सञ्चालित क्रियाकलापहरुः

*१. स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठक सम्पन्न*

*२. स्तनपान सप्ताह सम्बन्धी  कार्यक्रम सम्पन्न ।*

## मासिक समीक्षा बैठक सम्पन्न

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखहरुको सहभागिता तथा स्वास्थ्य शाखा प्रमुखको अध्यक्षतामा चैत्र महिनाको मासिक समिक्षा बैठक २०८२ श्रावण ९ गते सम्पन्न भएको थियो । छत्रदेव गाउँपालिकामा सम्पन्न बैठकमा बैशाख महिनामा स्वास्थ्य संस्थाहरुमा सञ्चालित क्रियाकलापहरुको समीक्षा गरिएको थियो । महिनाभर सञ्चालित क्रियाकलापको प्रभावकारिता सम्बन्धमा आवश्यक छलफल गरी सुझाव लिनेदिने कार्य गरिएको थियो । स्वास्थ्य संस्थाहरुले DHIS2 मा तथ्याङ्क प्रविष्टी गर्ने कार्य पुरा गरेकोले स्वास्थ्य शाखाबाट भेरिफकेशन गरी तथ्याङ्कमा देखिएका समस्याहरुको बारेमा सुधारका लागि पृष्ठपोषण दिने लिने कार्य गरिएको थियो ।

उक्त बैठकमा विगत वर्षमा भएका सवल एवम् सकरात्मक कुराहरुलाई निरन्तरता दिँदै दुर्वल पक्षहरुमा सुधार गर्दै लैजाने र गाउँपालिकाको स्वास्थ्य शाखा र मातहतका स्वास्थ्य संस्थाहरुबाट सञ्चालन हुने क्रियाकलापहरु तथा सेवालाई थप व्यवस्थित बनाउँदै लैजाने निर्णय गरिएको थियो । साथै सबै स्वास्थ्य संस्थाले वार्षिक कार्ययोजना निर्माण गरी सोहीबमोजिम क्रियाकलाप सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्नुका साथै समुदायमा डेंगी लगायतका किटजन्य रोगहरु देखापर्न सक्ने भएकाले जनच्तनामूलक क्रियाकलाप गर्ने निर्णयसमेत गरिएको थियो ।

## स्तनपान सप्ताहका अवसरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सम्पन्नः

स्तनपान प्रबर्धनका लागि स्तनप्यायी आमाहरु, गर्भवती महिला तथा समुदायमा बालबालिकाको स्याहार सुसारसँग सम्बन्धित महिलाहरुलाई स्तनपानको महत्व, प्रभावकारी स्तनपानका लागि आशन र सम्पर्क लगायतका विषयमा जानकारी गराउँदा स्तनपान प्रबर्धनमा सहयोग पुग्ने हेतुले अगस्त १ देखि ७ सम्म विश्व स्तनपान सप्ताहको रुपमा मनाउँदै बिभिन्न क्रियाकलाप सञ्चालन गर्ने गरिन्छ । श्रावण १६ देखि २२ सम्म सप्ताहव्यापी रुपमा गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्था, खोप क्लिनिक तथा आमा समूह मार्फत स्तनपान सम्बन्धी चेतना अभिबृद्धिका क्रियाकलापहरु सञ्चालन गरिएको थियो ।



## छत्रदेव गाउँपालिका तथा मातहतका निकायहरुबाट २०८२ श्रावण महिनामा प्रदान गरिएका सेवा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | सेवाग्राहीको संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | नयाँ सेवाग्राही | १९०९ | ११९० | ३०९९ | |
| २ | जम्मा सेवाग्राही/नयाँ तथा पुरानो | २०४२ | १३०३ | ३३४५ | |
| ३ | किशोर किशोरी सेवाग्राही संख्या | १३२ | ११९ | २५१ | |
| ४ | ज्येष्ठ नागरिक सेवाग्राही | ७०४ | ५२३ | १२२७ | |
| ५ | बहिरंग सेवाका सेवा ग्राही नयाँ | १२८२ | ८५० | २१३२ | |
| ६ | बहिरंग सेवाका सेवा ग्राही पुरानो | ७६५ | ५३६ | १३०१ | |
| ७ | नियमित खोप सेवा प्रदान गरिएको | ७८ | ८६ | १६४ | |
| ८ | पूर्ण खोप पाएका बालबालिका | ३ | ३ | ६ | |
| ९ | बृद्धि अनुगमन गरेको नयाँ ०-२३ महिनाका बालबालिका | ७ | ९ | १६ | औषत भेट २१ पटक |
| १० | बृद्धि अनुगमन गरेको पुराना ०-२३ महिनाका बालबालिका | १६२ | २१८ | ३८० | |
| ११ | कम तौल भएका बालबालिका संख्या | ० | ० | ० | |
| १२ | पहिलो पटक गर्भजाँच गरेको संख्या | १५ | | १५ | |
| १३ | प्रोटोकल बमोजिम चार पटक गर्भजाँच गरेको संख्या | ११ | | ११ | |
| १४ | २० बर्ष मुनिका गर्भवती संख्या | ४ | | ४ | |
| १५ | प्रोटोकल बमोजिम आठ पटक गर्भजाँच गरेको संख्या | १२ | | १२ | |
| १६ | स्वास्थ्य संस्थामा प्रसूति संख्या | ७ | | ७ | |
| १७ | स्वास्थ्य संस्थामा CB-IMNCI मा सेवा दिएको | ६२ | ५८ | १२० | |
| १८ | कण्डम वितरण गोटा | | | ५२६० | |
| १९ | प.नि. साधन नयाँ प्रयोगकर्ता | १६ | | १६ | CPR 36.97 % |
| २० | प.नि. साधन नयाँ प्रयोगकर्ता <२० बर्ष | ० | | ० | |
| २१ | प.नि. साधन लगातार प्रयोगकर्ता | ८४८ | ८५ | ९३३ | |
| २२ | यस महिनामा दर्ता भएका क्षयरोगी | १ | १ | २ | |
| २३ | यस महिनामा दर्ता भएका कुष्ठरोगी | ० | ० | ० | |
| २४ | गाउँघर क्लिनिक | | | ४०४ | |
| २५ | म.स्वा.से. | | | १६२७ | |
| २६ | विपन्न नागरिक उपचार कोष सिफारिस | ० | ५ | ५ | |
| २७ | प्रदेश स्वास्थ्य उपचार विशेष सिफारिस | ० | ० | ० | |
| २८ | अति असाध्य रोग राहत सिफारिस | ० | ० | ० | |

## जापानिज इन्सेफलाइटिस् रोगबारे सचेत होऔँ



जापानिज इन्सेफलाइटिस् मस्तिष्कमा संक्रमण हुने लामखुट्टेको टोकाईबाट सर्ने एक प्रकारको गम्भीर रोग हो । यो रोग जुनसुकै उमेरका मानिसलाई लाग्न सक्छ तर धेरैजसो १५ वर्ष मुनिका बालबालिकामा देखिन्छ ।

यो भाइरसबाट संक्रमित हाँस, कुखुरा जस्ता चरा–चुरुङ्गी र सुँगर–बँगुर जस्ता जनावरहरूलाई लामखुट्टेले टोक्यो भने सो लामखुट्टे संक्रमित हुन्छ र ती संक्रमित लामखुट्टेले मानिसलाई टोकेमा यो रोग मानिसमा लाग्दछ । तर यो रोग मानिसबाट मानिसमा भने सर्दैन । यो रोग विशेषगरी साउनदेखि कार्तिकसम्म देखिन्छ ।



**सम्पादकः**

**बुद्धि राम न्यौपाने**

**जनस्वास्थ्य अधिकृत**

**छत्रदेव गाउँपालिका**